# प्रतिवेदन सारांश

## १. पृष्ठभूमि

नेपालका धेरैजसो नगरपालिकाहरु शहरी सेवा सुविधा, सडक संजाल, सुरक्षित खानेपानी, सरसफाई, फोहोरमैलाको उचित प्रवन्ध, सामाजिक पूर्वाधार तथा मनोरञ्जनात्मक सुविधा जस्ता पूर्वाधारहरुबाट वञ्चित छन् । शहरीकरणका विविध वहिर्भावहरु (Externalities) बाट प्रभावित यस्ता नगरपालिकाहरु विविध वातावरणीय चुनौतीहरुसँग पनि जुझिरहेका छन्। विशेषतः मानव संशाधन प्रतिको कमजोर संस्थागत क्षमता, न्यून प्राविधिक तथा आर्थिक श्रोतहरु नै कमजोर प्रस्तुतिकरणको प्रमुख कारक तत्वको रुपमा रहेको पाईन्छ । समग्रमा, दीर्घकालीन विकासका सोचहरु वा व्यवस्थित योजनाहरुको अभावले नगरपालिकाको कार्य असंयोजित क्रियाकलाप जस्तो हुन गएको देखिन्छ जसले नगरपालिकाको विकास प्रयासहरू न्यून उपलब्धिपूर्ण र सीमित अवसरयुक्त सावित भएका छन् । विगतका प्रयासहरु सामाजिक समावेशिता, शहरी गरिबी न्यूनीकरण, वातावरणीय संरक्षण, आर्थिक विकाश तथा परिचालन, नगरपालिकाको क्षमता अभिवृद्धि गर्ने जस्ता मूल मुद्दावाट अलग रहेको पाईन्छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले नगरपालिकाको योजनामा पुनर्सोच गरी सीमितताबाट छुटकारा प्राप्त गरिनुपर्ने कुरामा जोड दिएको छ । ऐनले स्पष्ट रुपमा सहभागितात्मक विकासको आवश्यकता र नगरपालिकाको भौतिक विकासमा दीर्घकालीन सोचसंग सामञ्जश्यता राखी प्राप्त गरेको विस्तृत आवधिक योजना, विषयगत उद्धेश्यहरू तथा कार्यक्रमहरूलाई समावेश गरिनु पर्ने कुरामा जोड दिएको छ । यसबाहेक आवधिक योजनाले वडास्तर भेलाबाट प्राप्त तत्काल सम्वोधन गरिनुपर्ने क्षेत्रका सम्बन्धलाई निराकरण गर्ने र अल्पकालीन कार्ययोजनासँग पनि सामाञ्जश्यता कायम गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी, स्थानीय स्वायत्त शासन नियमावली २०५६ पनि ५ वर्षको कार्यतालिका समाविष्ट रहेको आवधिक योजना तथा योजना निर्माण र स्वीकृतिको प्रक्रिया समेतको आवश्यकताप्रति निर्दिष्ट छ ।

दशौं योजना (२००२-२००७) ले नगरपालिकाको आवधिक योजना (Periodic Plan) निर्माणको प्राथमिकता लगायत आवश्यकिय प्राविधिक सहयोगको समेत व्यवस्था गरेको छ । सन् २००२ मा स्थानीय विकास मन्त्रालयद्वारा आवधिक योजना तयार गर्ने निर्देशिका समेत तयार तयार भएको छ । यद्यपि अधिकांश नगरपालिकाले आफ्नो आवधिक योजना तर्जुमाको थालनी उक्त निर्देशिकाको भावना अनुरूप पूर्णत पालना गरेको भेटिदैन । पछिल्लो समयमा शहरी विकास तथा भवन निर्माण विभाग (श.वि.तथा भ.नि.वि.), (DUDBC: Department of Urban Development and Building Construction) र स्थानीय विकास मन्त्रालयको संयुत्त प्रयासमा आवधिक योजना तर्जुमाको थालनी भएको देखिन्छ भने श.वि.तथा भ.नि.वि को प्राविधिक सहयोगमा digital map, profile of base line information तयार भइसकेको छ। त्यसै गरी जर्मन संस्था GIZ/udle (Urban Development through Local Efforts) तथा सम्वन्धित नगरपालिकासँग मिलेर नगरपालिकाको आवधिक योजना तर्जुमा तथा GIS प्रविधिको विकास गर्ने प्रयासको थालनी गरेको छ ।

कम्तीमा ५ देखि ७ वर्ष अवधिका लागि नगरको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न तयार भएको दस्तावेज आवधिक योजना हो । जस्मा लक्ष्य र उद्देश्यहरु हासिल गर्न, सिद्धान्त, रणनीति र कार्यनीति तथा प्रमुख क्रियाकलापहरु समेत पहिचान गरिएको हुन्छ । मौजुदा कानुन अनुसार नगरपालिकाले आफ्नो वार्षिक योजना तर्जुमा गर्दा आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत आवश्यकताहरुलाई आधार लिनुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाको आवधिक योजना बनाउँदा नगरपालिकासँग जोडिएका गाउँ विकास समितिहरुको वार्षिक तथा आवधिक योजना तर्जुमा भएको भए त्यसलाई समेत ध्यान दिनुपर्ने ब्यवस्था छ । आवधिक योजनाले नगर पार्श्वचित्र, समस्या/सवालहरु तथा चुनौती/अवसरको पहिचान एवं विश्लेषण, नगरको दीर्घकालीन सोच अनुरुप भौतिक विकास गुरुयोजना तर्जुमा, भौतिक विकास तथा पूर्वाधार, वातावरण, सामाजिक, आर्थिक, वित्तिय, संस्थागत विकास तथा जोखिम व्यवस्थापन जस्ता क्षेत्रहरुसंग संवद्ध विषयतगत दीर्घकालीनसोच अनुरुप तर्कबद्ध प्रणालीमा आधारित लक्ष्य, उदेश्य, नतिजा तथा कार्यक्रमहरुको पहिचान, बहुक्षेत्रगत लगानी योजना, कार्यान्वयन रणनीति सुझाव तथा अनुगमन जस्ता दस्तावेजलाई प्रस्तुत गर्दछ ।

## २. योजना निर्माण प्रकृया

आवधिक योजनाको निमार्ण प्रक्रिया पूर्णरुपमा सहभागितामुलक आधारमा हुन्छ । निर्देशक समिति तथा विषयगत समितिको गठन (भौतिक पूर्वाधार विकास योजना, वातावरणीय व्यवस्थापन योजना, सामाजिक विकास योजना, आर्थिक विकास योजना, संस्थागत विकास योजना, वित्त विकास योजना र जोखिम व्यवस्थापन योजना), वडाभेला

तथा वडा समन्वय समितिको गठन आदि यस्का सहभागितामुलक बनाउने पक्षहरु हुन् भने दीर्घकालीन सोच “सुन्दर, सुरक्षित, समृद्ध र गतिशील शहर हिमाल र तराईको मिलनविन्दु कमलामाई नगर” निर्धारण र अग्रणी क्षेत्रहरुमा शिक्षा, स्वास्थय, पर्यटन, आवास र वातावरण योजना तर्जुमाका आधार हुन् । कमलामाई नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष ४५ र अप्रत्यक्ष अन्य सयौं ब्यक्तित्वहरुको सहभागिता रहेको थियो र योजना तर्जुमा गर्न करिव ८ महिना लागेको थियो ।

## ३. नगरपालिकाको वस्तुस्थिति विवरण

कमलामाई नगरपालिका (क.न.पा.) पूर्वी नेपालको चुरे श्रृङ्खला र तराईको संगममा अवस्थित एक सुन्दर पहाडी नगरी हो । नेपालको मध्यमाञ्चल विकास क्षेत्र तथा जनकपुर अञ्चलमा पर्ने सिन्धुली जिल्लाको एउटै मात्र नगरपालिका कमलामाई नगरपालिका रहेको छ । सन् १९९६ मा कमलामाई नगरपालिका स्थापना भएको हो । विश्वमान चित्रमा यो नगरपालिका अक्षांश : २७$^{0}$ १५’०७’’ देखि २७$^{0}$ १६’ १३’’ उत्तर सम्म र देशान्तर: ८५$^{0}$५२’१८’’ देखि ८५$^{0}$ ५४’ १९’’ पूर्वसम्म अवस्थित छ । क.न.पा. समुद्री सतह देखि औसत ५१८ मिटरको उचाईमा रहेकोछ भने हावापानि समशितोष्ण रहेको छ। पहिले शिदेश्वर र भिमान दुई गा.वि.स. समेटेर यो नगरपालिका बनेको हो । यसको पूर्वमा रानीचरी, रानीवास, भिमस्थान र खेलघारी गा.वि.स.हरु पर्दछन् भने पश्चिममा डाडी गुराँसे र भद्रकाली गा.वि.स. हरु छन् । उत्तरमा रतनचुरा र भद्रकाली गा.वि.स. पर्दछन् । भने दक्षिणमा र्सलाही, महोत्तरी र धनुषा जिल्ला (चुरे पहाड सिमा) पर्दछ ।

यस नगरमा ७००८ घरधुरीमा ३५७८१ जनसंख्या (पुरुष १८५४२, महिला १७२३९) छ । लैङ्गिक अनुपात ०.९२, वार्षिक जनसंख्या वृद्धिदर १.९८%, जनघनत्व (प्रति व.कि.मी.) ४८७, र औषत परिवार ५.१ रहेको छ। जिल्लाको कोरा जन्म दर प्रति हजारमा ३०.९ तथा कोरा मृत्युदर ४.७ प्रती हजार रहेको छ । नगरको आगामी २०८८ सम्मको जनसंख्या प्रक्षेपण निम्नानुसार छ।

तालिका नं.१: २०८८ सम्मको जनसंख्या प्रक्षेपण

| वर्ष | जनसंख्या | अनुमानित | | जनघनत्व (प्रति व.कि.मी.) |
|---|---|---|---|---|
| | | वार्षिक वृद्धि दर | जनसंख्या | |
| वि.सं. २०६५ | ३५७८१ | | | १७५ |
| वि.स. २०६८ | प्रक्षेपण | २ | ३७२२६ | १८१ |
| वि.सं. २०७८ | प्रक्षेपण | २ | ४५४६८ | २२१ |
| वि.सं. २०८८ | प्रक्षेपण | २ | ५५५३५ | २७० |

कुल क्षेत्रफल २०५११ हेक्टर मानी गरिएको प्रमुख उपयोग अर्थात वन क्षेत्रले मात्र ५४.५९ प्रतिशत भू-भाग ओगटेको देखिन्छ भने दोस्रोमा खेती योग्य क्षेत्र २६.४८ प्रतिशत र तेस्रोमा खोला नाला तथा बगर क्षेत्र गरी १२.४९ प्रतिशत हुन आउछ । यसको अलावा वस्ती क्षेत्रहरु दुई प्रकार शहरी र ग्रामिण वस्तीहरु यस न.पा.मा अवस्थित भएकोमा ५ प्रतिशत घर वस्तीहरु ग्रामिण प्रकृती तथा प्रकारका देखिन्छ ।

## ४. क.न.पा.को आय र व्ययको विवरण

तालिका नं.२: कमलामाई नगरपालिका कार्यालय सिन्धुली

आ.ब.२०६१/०६२ देखि आ.ब.२०६५/०६६ सम्मको यथार्थ आय रकमको बिबरण

| आय शीर्षक | आ.ब.६१/६२ | आ.ब.६२/६३ | आ.ब.६३/६४ | आ.ब.६४/६५ | आ.ब.६५/६६ | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| स्थानिय कर | ९७४३२६।४५ | १५३२७२६।२३ | १७७०७५५।६१ | १२०८४११।१८ | ४३५५४८४।८३ | १९६८३४०।८६ |
| सेवा शूल्क | २४५३११६।२ | २४४३९४०।८१ | २५०२८६८।१७ | २५०२७०५।५१ | १०१०२८६१।३ | ४००१०९८।४०२ |
| दस्तूर | ३१५२३४।०१ | २७१०६८।०१ | ३२८११३।८२ | ४६८२४१।८५ | ८७५४९०।८७ | ४५१६२९।७१२ |
| अन्य आय | ५७३७७१।७२ | ५११७४४।९६ | ५९६३८०।६८ | १९९०८२३।३४ | ४८७२९९२।०४ | १७०९१४२।५४८ |
| वाहृय श्रोत | १५५६४२६४ | ८४६४७९०।७५ | १६९७२४३७२ | २५३९९७८०।२ | ३३६०२९०३ | २००००८३५।११ |
| कूल जम्मा आय | १९८८०७१३ | १३२२४२७०।८ | २२१७०५५५।४ | ३१५६९९६२।१ | ५३८०९७३२।१ | २८१३१०४६।६४ |

तालिका नं.३: कमलामाई नगरपालिका कार्यालय सिन्धुली

आ.ब.२०६१/०६२ देखि आ.ब.२०६५/०६६ सम्मको यथार्थ व्ययको बिबरण

| व्यय शीर्षक | आ.ब.६१/६२ | आ.ब.६२/६३ | आ.ब.६३/६४ | आ.ब.६४/६५ | आ.ब. ६५/६६ | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| उपभोग खर्च | २०४९७८४ | २५३९२९४ | २७४४५२६ | ३२१७४४८ | ४१३६८३८ | १४६८७८८९ |
| कार्यालय संचालन खर्च | १२१६९२८ | १३५०३१३ | ११३२०५६ | ११११८८१ | १२४७३२९ | ६०५८५०७ |
| अनुदान खर्च | ४१६६०० | १८३६५४५ | २५७६५३० | ४३४३३७५ | ९४८१२८० | १८६५४३३० |
| सेबा खर्च | १४०८३३४ | १०७९१३७ | ७३४८८०।८ | १०४२७१९ | ११९१५४९ | ५४५६६२० |
| पुजिगत खर्च | १४२७०३०९ | ५५६५५०५ | १४७९१५९९ | १९३७३८१४ | ३०१६४१७१ | ८४१६५३९८ |
| बैक तथा नगद बाकि | ५१८७५८ | ८५३४७७ | १९०९६४ | २४८०७२५ | ७५८८५६५ | ११६३२४८९ |
| कुल जम्मा | १९८८०७१३ | १३२२४२७१ | २२१७०५५५ | ३१५६९९६२ | ५३८०९७३२ | |

### वडा भेलाबाट संकलित समस्या

तालिका नं.४: वडा भेलाबाट संकलित समस्या

| स्तरण | वडा नं. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| (१) | शहरी सडक | शहरी सडक | सिंचाई | शहरी सडक | सतह ढल | सतह ढल | सडक | सडक | सडक |
| (२) | सिंचाई | सिंचाई | खानेपानी | सतह ढल | भवन | शहरी सडक | सतह ढल | प्रकोप नियन्त्रण | प्रकोप नियन्त्रण |
| (३) | खानेपानी | खानेपानी | शहरी सडक | भवन | शहरी सडक | सामाजिक कार्यक्रम | खानेपानी | खानेपानी | खानेपानी |
| (४) | सामाजिक कार्यक्रम | सतह ढल | सतह ढल | सा. शौचालय | सा. शौचालय | प्रकोप नियन्त्रण | प्रकोप नियन्त्रण | सिंचाई | कृषि तथा पशु |
| (५) | सतह ढल | भवन | भवन | सामाजिक कार्यक्रम | सामाजिक कार्यक्रम | खानेपानी | सिंचाई | कृषि तथा पशु | सिंचाई |
| (६) | कृषि | सा. शौचालय | सा. शौचालय | खानेपानी | प्रकोप नियन्त्रण | सा. शौचालय तथा | कृषि तथा पशु | स्वास्थ्य | प्रा. र व्याव. शिक्षा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | फोहरमैला | | | |
| (७) | भवन | शिक्षा | सामाजिक कार्यक्रम | प्रकोप नियन्त्रण | प्रा. र व्याव. शिक्षा | भवन | भवन | शिक्षा | स्वास्थ्य |
| (८) | प्रकोप नियन्त्रण | स्वास्थ्य | स्वास्थ्य | कृषि तथा पशु | स्वास्थ्य | स्वास्थ्य | सामाजिक कार्यक्रम | सामाजिक कार्यक्रम | भवन |
| (९) | सा. शौचालय | सामाजिक कार्यक्रम | शिक्षा | सिंचाई | खानेपानी | शिक्षा | शिक्षा | भवन | विधुत |
| (१०) | शिक्षा | कृषि तथा पशु | प्रकोप नियन्त्रण | स्वास्थ्य | कृषि तथा पशु | सिंचाई | स्वास्थ्य | विधुत | शौचालय |
| (११) | स्वास्थ्य | प्रकोप नियन्त्रण | कृषि तथा पशु | शिक्षा | सिंचाई | कृषि तथा पशु | शौचालय | शौचालय | प्राकृतिक स्रोत संरक्षण |

श्रोत: वडा भेला (२०६८)
नोट: (१) ले सबैभन्दा प्रमुख समस्यालाई ईंगित गर्छ भने त्यसपछि (२), (३) आदिले क्रमश: घट्दो प्राथमिकता जनाउँछ।

| **स्तरण** | **वडा नं.** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
| (१) | सडक | खानेपानी | सिंचाई | सडक | सिंचाई | सडक | प्रकोप नियन्त्रण | प्रकोप नियन्त्रण | प्रकोप नियन्त्रण |
| (२) | प्रकोप नियन्त्रण | सिंचाई | सडक | सिंचाई | सडक | सिंचाई | सडक | सडक | सडक |
| (३) | खानेपानी | सडक | स्वास्थ्य | खानेपानी | खानेपानी | कृषि तथा पशु | खानेपानी | खानेपानी | खानेपानी |
| (४) | सिंचाई | प्रकोप नियन्त्रण | शिक्षा | कृषि तथा पशु | कृषि तथा पशु | खानेपानी | सामाजिक कार्यक्रम | सामाजिक कार्यक्रम | स्वास्थ्य |
| (५) | स्वास्थ्य | स्वास्थ्य | खानेपानी | प्रकोप नियन्त्रण | प्रकोप नियन्त्रण | स्वास्थ्य | स्वास्थ्य | प्राकृतिक स्रोत संरक्षण | शिक्षा |
| (६) | प्राकृतिक स्रोत संरक्षण | शिक्षा | कृषि तथा पशु | स्वास्थ्य | स्वास्थ्य | शिक्षा | शिक्षा | स्वास्थ्य | प्राकृतिक स्रोत संरक्षण |
| (७) | सामाजिक कार्यक्रम | शौचालय | प्राकृतिक स्रोत संरक्षण | शिक्षा | शिक्षा | प्रकोप नियन्त्रण | कृषि तथा पशु | शिक्षा | कृषि तथा पशु |
| (८) | कृषि तथा पशु | भवन | भवन | भवन | सामाजिक कार्यक्रम | प्राकृतिक स्रोत संरक्षण | सिंचाई | कृषि तथा पशु | भवन |
| (९) | भवन | सामाजिक कार्यक्रम | सामाजिक कार्यक्रम | प्राकृतिक स्रोत संरक्षण | भवन | शौचालय | भवन | सिंचाई | शौचालय |
| (१०) | शौचालय | कृषि तथा पशु | शौचालय | सामाजिक कार्यक्रम | प्राकृतिक स्रोत संरक्षण | भवन | शौचालय | भवन | सिंचाई |
| (११) | शिक्षा | प्राकृतिक स्रोत संरक्षण | प्रकोप नियन्त्रण | शौचालय | शौचालय | सामाजिक कार्यक्रम | | | |

श्रोत: वडा भेला (२०६८)
नोट: (१) ले सबैभन्दा प्रमुख समस्यालाई ईंगित गर्छ भने त्यसपछि (२), (३) आदिले क्रमश: घट्दो प्राथमिकता जनाउँछ।

क.न.पा.को सम्पूर्ण वडाको वडा भेलाबाट संकलित समस्याहरुको आधारमा विश्लेषण गर्नु पर्दा यस नगरको प्रमुख समस्या सडक अर्था नगरपालिका भएकोले शहरी सडक नै रहेको विगतका केही वर्षमा यस क्षेत्रमा हरेक विकासको नाममा सडक विस्तार तथा निर्माण गरिएका छन् भने त्यसको स्तर उन्नती नहुनाले सुख्खा याम बाहेक अन्य याममा निकै नै असुविधा हुनुको साथै हरेक क्षेत्रमा प्रभाव हुने गरेको स्थानियहरु बताउदछन् । क.न.पा. भित्र निकै नदी, खहरे खोला जस्ता पनि त्यसको उचित व्यवस्थापन हुन नसक्नाले सिंचाई तथा खानेपानीको स्रोत संरक्षण एमव् उपयोग गर्न नसकेको पाइन्छ । त्यसै गरि नयाँ निर्माण भएका सडकहरु तथा प्राकृतीकको श्रोतको विनास तर्फ उन्मुख भएकाले गर्दा अन्य प्रकोप हरुको समस्या पनि त्यतिकै जटिल बन्दै गएको छ । क.न.पा. क्षेत्रको हिसावले निकै ठुलो भएको कारणले गर्दा यहाँको केही वडाहरु बाहेक सबै अन्य वडाहरु ग्रामिण प्रवृतीकै भएको पाइन्छ । जहाँ शिक्षा स्वास्थ्य जस्ता सामाजिक समस्याहरु भएको पाइन्छ भने यहाँको आर्थिक कृयाकलाप कृषि तथा पशुपालनको क्षेत्रको समस्या पनि प्राथमिकतामै भएको देखिन्छ । त्यसै गरी न.पा.मा. भएका जनसक्ती हरुको उचित व्यवस्थापन तथा आर्थिक कृयाकलापको कमिले गर्दा बेरोजगारी र अन्य समस्याहरु दिन प्रति दिन बढ्दै गएकोले जनसक्ती पलायनको समस्याले क.न.पा.अछुतो रहेको देखिदैन । क.न.पा. क्षेत्रमा अन्य भौतिक पूर्वाधारहरुको कमिले गर्दा वातावरण समेत प्रभाव पर्ने भएको हुनाले त्यस तर्फ ध्यान तथा उचित व्यवस्थापन गर्ने आवश्यकता रहेको वडा भेलाले देखाएको छ ।

## ५. दीर्घकालिन सोच

प्रस्तुत भएका दृष्टिकोणको सम्बन्धमा मिति २०६८ साल मंसिर १९ गते क.न.पा., स्थानीय विकास मन्त्रालयको सहयोगमा आयोजित “आवधिक योजना भिजन तयारी कार्यशाला” मा स्थानीय राजनैतिक पार्टीका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, बुद्धिजीवी, महिला एवं सीमान्तकृत वर्गका प्रतिनिधिहरु, क.न.पा.मा सक्रिय सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, क.न.पा.का कर्मचारीहरु लगायतका सहभागीहरुबीच व्यापक छलफल एवं अन्तक्रिया गराई नगरको आर्थिक विकासमा देखिएका मुख्य समस्याहरुका बारेमा बहस गरिएको थियो ।

***”सुन्दर,सुरक्षित,समृद्ध र गतिशील शहर हिमाल र तराईको मिलनविन्दु कमलामाई नगर”***

अग्रणी क्षेत्रहरुसँग सम्बन्धित सवाल र दुर्वल पक्ष एवं अवसर र चुनौतीहरु

तालिका नं.५: अग्रणी क्षेत्रहरुसँग सम्बन्धित सवाल र दुर्वल पक्ष एवं अवसर र चुनौतीहरु

| क्र.सं. | अग्रणी क्षेत्र | सहायक क्षेत्र | प्रमाणित गर्ने आधार | सवल/दुर्वल पक्ष | अवसरहरु/चुनौतीहरु |
|---|---|---|---|---|---|
| १ | **शिक्षा** | - प्राविधिक शिक्षा<br>- व्यवसायिक शिक्षा<br>- विज्ञान शिक्षा<br>- नागरिक शिक्षा<br>- बाल शिक्षा<br>- प्रौढ शिक्षा | -पूर्वाधार विकास<br>-अध्ययन/अनुसन्धान केन्द्र<br>-प्राविधिक शिक्षण संस्था<br>-छात्रवृत्ति<br>-व्यवस्थापकिय सीपमूलक तालिम<br>-शैक्षिक लगानी<br>-प्रतिफल<br>-बढ्दो विद्यार्थी दर<br>-दक्ष शिक्षक उपलब्धता | **सवल पक्षः**<br>-आवश्यकता<br>-वातावरण<br>-पूर्वाधार<br>-कृषि,पर्यटन जस्ता संभाव्यता को आधार<br>-व्यवहारिक शिक्षाको शुरु भइसकेको<br>-उपयुक्त वातावरण<br>-क्याम्पस तथा उच्च मा.वि.हरु रहेको<br>-भौतिक पूर्वाधार भएको | **अवसरहरुः**<br>- स्वच्छ शैक्षिक वातावरण<br>- शैक्षिक केन्द्रको रुपमा अवस्थित<br>- शैक्षिक प्रतिस्प्रर्धा |
| | | | | **दुर्वल पक्षः**<br>- लगानी धेरै हुने तर लगानी कर्ताको अभाव<br>- उपयुक्त जनशक्ति विकास योजनाको अभाव | **चुनौतीहरु**<br>प्रभावकारी अनुगमन तथा निरिक्षण<br>शहरमुखी शैक्षिक अवसर<br>आर्थिक हैसियत |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | **स्वास्थ्य** | - वाल स्वास्थ्य कार्यकम<br>- सुडेनी, पोषण, खोप कार्यकम<br>- परिवार नियोजन<br>- शिक्षा-उपकरण तथा भौतिक सुविधा<br>- दक्ष प्राविधिक | - पूर्वाधार विकास<br>- अध्ययन/अनुसन्धान केन्द्र<br>- सुविधा सम्मपन्न अस्पताल | **सवल पक्ष**<br>- जिल्ला अस्पताल,<br>- खोप केन्द्र<br>- स्वास्थ्य शिक्षाको प्रचारप्रसार<br>- घुम्ति क्लिनिक<br>- निजी स्तरका अस्पताल तथा स्वास्थ्य निकाय | **अवसरहरुः**<br>-जिल्ला अस्पताल को भौतिक पूर्वधारहरु<br>-सामुदायिक अस्पतालको स्थापना<br>-विभिन्न संघसंस्थाको संक्रियता |
| | | | | **दुर्वलपक्षः**<br>- जनचेतनाको कमी<br>- आर्थिक अभाव<br>- धामिझाक्रिमा विश्वास | **चुनौतीहरुः**<br>-फोहोरमैला उचित व्यवस्था गनु पर्ने<br>-स्वास्थ्य सेवा सर्वसुलभ बनाउने<br>-प्रभावकारी उपचार सेवा नमएको<br>-जि. स्वास्थ्यको कार्यलयको अभिलेख<br>-न.पा.को अभिलेख<br>-स्थानिय संघसंस्थाको प्रतिवेदन<br>-दक्ष स्वास्थ्य जनशक्तिको अभाव<br>-आधुनिक स्वास्थ्य उपकरणको अभाव<br>-भौतिक पूर्वाधारको अभाव<br>-वडा स्तरमा स्वास्थ्य केन्द्रहरुको अभाव<br>-नगर क्षेत्रमा स्वास्थ्य पिउने पानीको अभाव<br>-विद्यालय तथा समुदाय स्तरिय स्वास्थ्य शिक्षाको कमी<br>-सुरक्षित मातृत्व, वाल मृत्यू दर बारे जानकारी एंवम नियन्त्रणको अभाव<br>-असाहय/गरिवहरुको लागी स्वास्थ्य सेवाको पहुँच नहुनु<br>-व्यवस्थित पशु बधशालाको अभाव<br>-खाद्य गुणस्तर नियन्त्रणको कमी<br>-व्यवस्थित ढल निकाशको समस्या<br>-स्वास्थ्य संस्था वरिपरी मादक पदार्थ बेचविखनको समस्या<br>-अस्पताल जन्य फोहरमैला व्यवस्थापनको समस्या<br>-अव्यवस्थित पशुपालन |
| ३ | **पर्यटन** | - होटल व्यवसाय | - सांस्कृतिक प्रवर्द्धन<br>- मनोरञ्जन स्थल पहिचान/ विकास व्यवस्थित बसोवास<br>- पूर्वाधार विकास<br>- स्टेशन को रुपमा विकास<br>- अन्तरजिल्ला तथा गा.वि.स. सम्वन्ध विकास | **सवल पक्षः**<br>- सांस्कृतिक विविधता र सम्पन्नता<br>- लिम्वु राईको उद्‌गम थलो<br>- हावापानी<br>- मनोरम भूगोल<br>- चुरे नजिक रहेको शहर।<br>-वरीपरी रहेको धार्मिक स्थलहरु।<br>-तराई र पहाडको संगम स्थल। | **अवसरहरुः**<br>- हिमाली र पहाडी क्षेत्र पदयात्राको लागि केन्द्र बिन्दु बन्न सक्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **दुर्वल पक्षः**<br>- पर्यटन पूर्वाधारको कमी | **चुनौतीहरुः**<br>- निजि क्षेत्रलाई कसरी आकर्षित गर्ने?<br>- गैर संस्थाहरुलाई पर्यटन विकासमा परिचालन गर्न नसक्नु। |
| | | | | **दुर्वल पक्षः**<br>-पश्चिम सभ्यता र संस्कृति प्रति नयाँ पुस्ताको आर्कषण<br>-ऐतिहासिक तथा धार्मिक ज्ञानको कमी | **चुनौतीहरुः**<br>-पाश्चात्य संस्कृतिको नक्कल गर्ने युवा पुस्ता<br>-नजिकको भारतीय सिमा खुल्ला हुनु। |
| ४ | **आवासीय** | - व्यवस्थित शहरको रुपमा स्थापित<br>- सीप र दक्षता प्राप्त गर्ने अवसर<br>- उपयुक्त भु-बनोट | - खुल्ला र फराकिलो बाटो<br>- बस्ती बस्तीमा उचित सडक<br>- अनुकुल किसिमको हावापानी<br>- पहाड र तराईको संगम स्थल<br>- अनुकरणीय प्राकृतिक अवस्था | **सवल पक्षः**<br>- शैक्षिक शहर<br>- पूर्वाधार विकास<br>- व्यवस्थित<br>- स्वास्थ्य सेवा र सुविधा<br>- सहयोगी समुदाय | **अवसरहरुः**<br>- लगानी गर्नको लागी बैङ्कहरु प्रसस्त भएको ।<br>- स्वदेशी तथा विदेशी गैंह सहकारी भएको संस्था<br>- बसोबास गर्न योग्य भौगोलिक संरचना<br>- सुविधा प्राप्त गर्न सजिलो<br>- शैक्षिक र आर्थिक उन्नति गर्न सक्ने प्रसस्त अवसरहरु |
| | | | | **दुर्वल पक्षः**<br>- खानेपानीको अभाव<br>- अन्य बजार भन्दा महङ्गो सामाग्री<br>नगर बसको संञ्चालन कम | **चुनौतीहरुः**<br>- लागत जुटाउन कठिन<br>- घरजग्गा कारो्वार सुरक्षित नहुनु<br>- तिब्र जनसंख्या वृद्धि हुदै जानु<br>बसाई आउने संख्या बढ्दै जानु |
| ५ | **वातावरण** | - वन क्षेत्र<br>- नदीनाला तथा खोल्सी<br>- अनुकूल जलवायु<br>- कृषि प्रणाली<br>- उर्व भुमि | - वनको सापेक्ष संरक्षण<br>- स्वच्छ वातावरण<br>- आर्थिक उन्नति<br>- उत्पादनमा बृद्धि<br>- जोखिम मुक्त बसोबास | **सवल पक्ष**<br>- धेरै क्षेत्र वनले ओगटेको<br>- बसोबास युक्त हावापानी<br>- वन पैदावारको उपभोग<br>- जैविक विविधता | **अवसरहरुः**<br>- आन्तरिक तथा बाह्य पर्यटनको आर्कषण<br>- अध्ययन र अनुसन्धान<br>- नगदेवाली उत्पादन<br>- आर्थिक उन्नति |
| | | - | - | **दुर्वल पक्षः**<br>- जनचेतनाको कमि<br>- वन क्षेत्रको अतिक्रमण<br>- वृक्षारोपणमा कमि<br>- जलवायु परिवर्तन | **चुनौतीहरुः**<br>-वन तथा वातावरणको संरक्षण<br>-जल वायु परिवर्तन<br>-भौगोलिक विकटता<br>-आर्थिक विकटता<br>-सम्बन्धित निकाय सँग समन्वयको अभाव ।<br>- अनुगमन / मुल्यांकनको काम नहुनु<br>-वन क्षेत्र बढाउन नसक्नु ढल निकासको व्यवस्था नहुनु<br>- स्थान र सुरक्षित वधशालाको अभाव<br>-पूर्वाधार विकासमा सम्वन्धित निकायसँग समन्वय नहुनु।<br>- चेतनाको कमि<br>- बजार अव्यवस्थित |

## ६.क.न.पा.को विध्यमान र प्रस्तावित भू-उपयोग

तालिका नं.६: क.न.पा. को विध्यमान भू-उपयोग विवरण

| क.स. | भु उपयोग | क्षेत्रफल(हे.) | प्रतिशतमा |
|---|---|---|---|
| १ | शहरी वस्ती क्षेत्र | २९४ | १।४३ |
| २ | ग्रामिण वस्ती क्षेत्र | १०२९ | ५।०२ |
| ३ | वन क्षेत्र | १११९६ | ५४।५९ |
| ४ | खोला तथा वगर क्षेत्र | २५६१ | १२।४९ |
| ५ | खेति क्षेत्र | ५४३१ | २६।४८ |
| | **जम्मा** | **२०५११** | १०० |

| क.न.पा. क्षेत्रको प्रस्तावित भु उपयोग विवरण | | | |
|---|---|---|---|
| क.स. | भु उपयोग | क्षेत्रफल(हे.) | प्रतिशतमा |
| १ | शहरी वस्ती क्षेत्र | १५२३।० | ७।४३ |
| २ | संस्थागत क्षेत्र | १०।० | ०।०५ |
| ३ | औधोगिक क्षेत्र | १०।० | ०।०५ |
| ४ | खुला क्षेत्र | २५।० | ०।१२ |
| ५ | खोला र वगर क्षेत्र | २०५०।० | ९।९९ |
| ६ | वन जंगल संरक्षण क्षेत्र | ११०६५।० | ५३।९५ |
| ७ | खेति क्षेत्र | ५८२८।०० | २८।४१ |
| | कुल क्षेत्र | २०५११।०० | १००।०० |
| श्रोतः आवधिक योजना अध्ययन टोली, २०६८ | | | |

## शहरी विस्तारको लागि पहिचान गरिएका स्थानहरु

तालिका नं.७ : शहरी विस्तारको लागि पहिचान गरिएका स्थानहरु

| **जमीनको स्थिति** (Location of Land) | **शहरी विस्तारको लागि प्राथमिकता निर्धारण** | **पहिचान गरिएका स्थान** |
|---|---|---|
| बजार तथा अन्य सामाजिक सेवा सुविधा सम्पन्न | (घनावस्तीको रुपमा विकास भइ सकेको) | वडा न. ४ को फोस्रेटार, वडा न. ५ को ढकाल गाउँ, वडा न. ६ को रातमाटा, धुरा बजार, राम माडी, अधेरी, पानीट्याँकी, कोलडाडाँ, वडा न. ७ को लुङ्गेलीटार, वडा न. ९को ढुङ्गेवास, मल्लगाउ, वडा न. ११को भिमान बजार भुभाग क्षेत्र |
| बजार तथा अन्य सामाजिक सेवा सुविधासँग नजिक रही सडक, ढल, विधुत,खानेपानी, टेलिफोन लाइन उपलब्ध क्षेत्र तथा विकासको गतितर्फ उन्मुख भई नगरपालिकाको दीर्घकालीन सोचलाई समेत टेवा पुऱ्याउने क्षेत्र | प्रथम | वडा न. ४ को राजपानी गाउँ , वडा न. ५ को रातमाटेडाडाँ , डाडाँटोल , वडा न. ६ को जसेदमार र हुक्से, वडा न. ७ को वल्लोरामपुर र |

| | | |
|---|---|---|
| | | माझीटार, वडा न. १० को सिन्दुरेटार, वडा न. ११ को कत्ले, वडा न. १२ को इनारपानी भुभाग क्षेत्र |
| सडक, ढल, विधुत, खानेपानी, टेलिफोन लाइन उपलब्ध तर बजार तथा अन्य सामाजिक सेवा सुविधासँग टाढा रहेको जग्गा, भौतिक पूर्वाधारले नछोएको तर सजिलैसँग विस्तार गर्न सकिने जग्गा | दोश्रो | वडा न. २ को खुटटार, वडा न. ४ को जरायोटार र राजपानी, वडा न. ५को सापकोटाटोल र सातपत्र, वडा न. ७ को पल्लोरामपुर, वडा न. १० को सिस्नेरी र डुम्रे भुभाग क्षेत्र |
| आंशिक रुपमा भौतिक पूर्वाधार (सडक, विधुत, खानेपानी लाइन) उपलब्ध क्षेत्र, घडेरीको लागि जग्गा बिक्री वितरण भैरहेको क्षेत्र | तेश्रो | वडा न. १ को कुडुले , वडा न. २ को ३ दुनडाडाँ, वडा न. ३को तिनतले, पाथिपरान, दापसारे, वडा न. १२ को केरुङ्गखोला, वडा न. १४ सानो अमाहा, बतासे, भुभाग क्षेत्र |
| भौतिक पूर्वाधार सीमित रुपमा भएको तर सजिलै विस्तार गर्न सकिने क्षेत्र, जस्तै, सडकले मात्र छोएको जग्गा, सडक, विद्युत, खानेपानी लाइन सजिलैसँग विस्तार गर्न सकिने क्षेत्र र घडेरीको लागि जग्गा बिक्री वितरण केही हदसम्म भैरहेको क्षेत्र | चौथो | वडा न. १ को शिखर, ज्यामिरे, वडा न. ३ को लामीडाडाँ, वडा न. १५ को भँडार,कुलो खोलागाउँ, वडा न. १६ को खड्काटोल, डाँडाटोल, भुभाग क्षेत्र |
| कुनै पनि प्रकारको भौतिक पूर्वाधारले नछोएको जग्गा र कृषि प्रयोजनमा ल्याइरहेको तर कृषिको लागि अनुपयुक्त जग्गा । | भविष्यको विस्तार क्षेत्र | वडा न. २ को दनडाडाँ, बोगटी, वडा न. ५ को चैनपुर, वडा न. ८, वडा न. ९, वडा न. १७, वडा न. १८ को भुभाग क्षेत्र |

**शहरी विस्तारको लागि पहिचान गरिएका स्थानहरु :**

- वडा नं. ५ को दमारगाँउ, सोल्टीटार र ढकालगाँउ  ५०० रोपनी भुभाग क्षेत्र।
- वडा नं. ६ को रातमाटामा ३०० रोपनी क्षेत्र। (पहिलो भएको जग्गा विकास कार्यक्रम संगैको क्षेत्र)
- वडा नं. ६ को ग्वाङ खोला दुवै छेउको १२०० रोपनी भुभाग क्षेत्र।
- वडा नं. ११ को भिमान वजार क्षेत्रमा ५०० रोपनी ।

**पानीको आपूर्ति व्यवस्था**

तालिका नं.८ : खानेपानी मागको प्रक्षेपण

| वर्ष | जनसंख्या | जीवनशैली अनुरुप जनसंख्या वितरण (शहरी:ग्रामीण)* | औषत खानेपानी माग** | कुल खानेपानी माग (लाख लिटर प्रति दिन) | कैफियत |
|---|---|---|---|---|---|
| वि.सं. २०५८ | | | | | |
| वि.सं. २०६५ | ३५७८१ | ५०:५० | १०५ | ३७.५७ | |
| वि.सं. २०६८ | ३७२२६ | ५०:५० | १०५ | ३९ | |
| वि.सं. २०७८ | ४५४६८ | ५५:४५ | ११५ | ५२.२८ | |
| वि.सं. २०८८ | ५५५३५ | ६०:४० | १२५ | ६९.४१ | |

नोटः  *अनुमानित

** खानेपानी मागको प्रक्षेषणः शहरी बस्तीमा प्रति व्यक्ति प्रति दिन खानेपानी १२० लिटर र ग्रामीण बस्तीमा ९० लिटर

दीर्घकालीन सोचको आधारमा क.न.पा. क्षेत्रको विकासको प्रतिवद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी र दीर्घकालीन सोच प्राप्तितर्फ विकास प्रयासलाई डोऱ्याउने गरी विकासका सिद्धान्तहरु तय गरिएका छन् :

(क) जनसहभागितात्मक विकास कार्यहरुको संचालन

- उपभोक्ता समूहको सुढृढीकरण
- समुदायमा आधारित संगठनहरुको विकास
- स्थानीय गैरसरकारी संस्था र निजी क्षेत्रको परिचालन
- सरकारी तथा निजी साझेदारी

(ख) जनसवलीकरण एवं समावेशी विकास

- सेवा र सुविधामाथि सबैको समान पहुँच
- दलित, उपेक्षित तथा जनजाति उत्थान
- मानवीय विकास

(ग) प्राकृतिक श्रोतको दिगो उपयोग

(घ) वातावरण मैत्री विकास

(ङ) आर्थिक गतिविधिमा अभिवृद्धि

- स्थानीय श्रोत, साधन र सीपको उपयोग
- रोजगारीको अवसरमा अभिवृद्धि
- गरिबी न्यूनीकरण

## नगर विकासका लक्ष्य, उद्देश्य तथा रणनीतिहरु

दीर्घकालिन सोचको मर्मलाई ह्रदयंगम गर्दै क.न.पा.ले निम्न लक्ष्यहरु थय गरेको छ :

१. क.न.पा.मा विद्यमान प्राकृतिक, सामाजिक र भौतिक पूर्वाधारको समुच्च उपयोग गरी आर्थिक सवलीकरण गर्ने ।
२. भौतिक विकास मात्र समग्र विकास नभई सामाजिक विकासको दायरालाई समेत फराकिलो बनाई महिला, बालबच्चा, वृद्धका साथै सिमान्तकृत वर्ग (Marginalized Group) लाई समेटी समावेशी सामाजिक विकास गर्ने ।
३. भौगोलिक, राजनैतिक र साँस्कृतिक रुपमा क.न.पा.को आफ्नो मौलिक पहिचान बनिसकेको सन्दर्भमा त्यो पहिचानलाई आगामी दिनमा अझ सशक्त बनाउँदै लैजाने ।
४. बढ्दो शहरीकरणको कुप्रभावहरुबाट क.न.पा.को स्वच्छ वातावरणलाई जोगाउने।

## उद्देश्य

१. सामाजिक-आर्थिक रुपले नगरबासीको जीवनस्तर (Quality of Life) मा देखिने गरी सुधार ल्याउन ।
२. क. न.पा.लाई न्यूनतम भौतिक पूर्वाधार सम्पन्न बनाउन ।
३. सामाजिक विभेद र विकासको प्रतिफलको असमानुपातिक वितरणलाई हटाउन ।
४. क.न.पा.लाई स्वच्छ वातावरणको नमुना शहर बनाउन ।

## नीति/रणनीति

१. सामाजिक परिचालन मार्फत न.पा.को विकास सम्बन्धी धारणा स्थानीय जनता र टोलबस्तीमा पुऱ्याइ मानवपूँजी (Human Resource) निर्माण र सशक्तिकरण गर्ने । यसकोलागि क.न.पा.का शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने ।
२. गरिबी न्यूनीकरण कार्यक्रममा लगानी बढाउने र कार्यक्रमको प्रभावकारिताको आवधिक मूल्याङ्कन र आवश्यकता अनुसार परिमार्जन गर्ने ।
३. गरिब, द्वन्द्वबाट प्रभावित र सिमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन निजी, संस्थागत र सामुदायिक विद्यालयहरुसँग सहकार्य गर्ने ।
४. महिला, बालबच्चा, वृद्ध र सिमान्तकृत वर्गलाई लक्षित गरेर सञ्चालित कार्यक्रमलाई न.पा.का अनुदान बढाउँदै लैजाने ।
५. क.न.पा.को भौतिक विकासमा उपभोक्ता समितिको लागत,सहभागिता र संलग्नता बढाउँदै लैजाने ।

६. क.न.पा.मा विद्यमान अवसरहरु (पर्यटन उद्यम, शैक्षिक उद्यम, हावापानी आदि) लाई सदुपयोग गर्दै विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै नगरको दीर्घकालिन योजनामा समावेश गर्ने ।

७. क.न.पा.को एक्लो प्रयोगबाट मात्र विकास सम्भव नहुने र सरकारी अनुदानमा मात्र आश्रित हुने प्रवृत्तिबाट दीगो विकास सम्भव नहुने भएकोले निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (PPP: Public Private Partnership) को सिद्धान्त अनुरुप विकास कार्य सञ्चालन गर्ने ।

८. वातावरण संरक्षण सम्बन्धी प्रष्ट नीति ल्याउने ।

## ७. योजनाहरुको अनुमानित लागत

तालिका नं.९ : क.न.पा.को योजना तथा कार्यक्रम लगायतको लागत सारांश

| योजना तथा कार्यक्रमहरुको अनुमानित लागत रकम | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | विषय | संख्या | प्रतिशत | लागत रकम | प्रतिशत | न.पा | अन्य निकाय | सहभागिता | कैफियत |
| १ | भौतिक विकास योजना | ६०६ | ५९ | २,०३६,४५०,००० | ७४.२० | ८१४,५८०,००० | १,२२१,८७०,००० | ४०+६० | |
| २ | सामाजिक विकास योजना | १५७ | १५ | २०४,४५०,००० | ७.४५ | ८१,७८०,००० | १२२,६७०,००० | ४०+६० | |
| ३ | संस्थागत विकास योजना | ३३ | ३ | ६८,८७०,००० | २.५१ | २७,५४८,००० | ४१,३२२,००० | ५०+५० | |
| ४ | आर्थिक विकास योजना | ६५ | ६ | १८७,९००,००० | ६.८५ | ७५,१६०,००० | ११२,७४०,००० | ४०+६० | |
| ५ | वातावरण व्यवस्थापन योजना | ४७ | ५ | ६८,४००,००० | २.४९ | २७,३६०,००० | ४१,०४०,००० | ४०+६० | |
| ६ | वित्तिय विकास योजना | २४ | २ | ३१,०५०,००० | १.१३ | १२,४२०,००० | १८,६३०,००० | ४०+६० | |
| ७ | प्रकोप व्यवस्थापन योजना | ९२ | ९ | १४७,४००,००० | ५.३७ | ५८,९६०,००० | ८८,४४०,००० | ४०+६० | |
| | **जम्मा लागत** | **१,०२४** | १०० | **२,७४४,५२०,०००** | १००.०० | **१,०९७,८०८,०००** | **१,६४६,७१२,०००** | | |

यी सम्पूर्ण कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि नियमित अनुगमन तथा मूल्याकंनको व्यवस्थाको प्रारुप समेत यस योजनाले प्रस्ताव गरेको छ । अन्तमा कमलामाई नगरपालिकाको आवधिक योजना अन्तर्गत प्रस्तावित भौतिक, सामाजिक, आर्थिक तथा वातावरणीय विकास योजनालाई कार्यान्वयन गराउनको लागि १६ बुँदे सुझाव तथा सिफारिसहरु समेत यस योजनाले पेश गरेको छ ।